# आर्थिक वर्ष २०८२।०८३
# को
# नीति तथा कार्यक्रम

हरिपूर्वा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हरिपूर्वा , सर्लाही

मधेश प्रदेश, नेपाल

मिति २०८२/०३/०९

## हरिपूर्वा नगरपालिका

# आर्थिक वर्ष २०८२/०८३ को
# नीति तथा कार्यक्रम

**आदरणीय सभाध्यक्षज्यू,**
प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, नगरसभाका सदस्यज्यूहरु, आमन्त्रित अतिथिज्यूहरु, सञ्चारकर्मी, सुरक्षाकर्मी एवम् कर्मचारी मित्रहरु,

यस हरिपूर्वा नगरपालिका नगर सभाको **पन्ध्रौं अधिवेशन तथा नवौं बजेट अधिवेशन**मा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षित र गौरवान्वित महसुस गरेको छु । सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि र देशको समग्र राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनताको निमित्त लामो संघर्ष एवम् मधेश आन्दोलन लगायतका विभिन्न आन्दोलनका क्रममा विभिन्न समयमा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सम्पूर्ण अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

हरिपूर्वा नगरपालिका लोकतन्त्रका आधारभूत मूल्य मान्यता, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति प्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकून् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं । नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा धार्मिक सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न यो नगरपालिका दृढ छ । हामीहरु योजनाबद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनुपर्छ भन्नेमा प्रतिबद्ध छौं । जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्ग दर्शनका रुपमा ग्रहण गरेका छौं ।

चालु आर्थिक वर्षमा नगर सभाको आठौं बजेट अधिवेशनले स्वीकृत गरेका नीति तथा कार्यक्रमबाट प्राप्त मार्गनिर्देशन र बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धीको समिक्षा गर्दै, नेपाल सरकार, मधेश प्रदेश सरकारको स्थानीय तहसँगको सहकार्य, समन्वय, साझेदारी गर्ने नीति तथा कार्यक्रमसँग समन्वय हुने गरी नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित क्षेत्रगत विषयहरुमा केन्द्रित रही यस हरिपूर्वा नगरपालिकाको विकासको सम्भावनालाई मध्यनजर गर्दै आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । हरिपूर्वा नगरपालिकालाई समृद्ध नगरको रुपमा विकास गर्न यस नीति तथा कार्यक्रमको स्वीकृतिकाका लागि नगर सभा सदस्यहरुको समर्थन, आम जनसमुदाय, वुद्धिजिवी, उद्यमी व्यवसायीहरुबाट रचनात्मक सहयोको अपेक्षा राखेको छु ।

**आदरणीय सभाध्यक्षज्यू ,**
आगामी आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय व्यय निम्नानुसार प्रस्तुत गर्दछु ।

## आय तर्फ

आगामी आ.व.२०८२/०८३ मा संघीय सरकाबाट प्राप्त हुने वितीय समानीकरण अनुदान १० करोड ५९ लाख, संघीय सरकाबाट प्राप्त हुने राजश्व बाँडफाड तर्फ ९ करोड ६२ लाख २४ हजार १ सय ४५, नगरपालिकाको आन्तरिक आय तर्फ १५ करोड, संघीय सरकारबाट प्राप्त सशर्त अनुदान १३ करोड ८३

लाख, संघीय विशेष अनुदान ७ करोड ११ लाख, संघीय समपूरक अनुदान ३ करोड २७ लाख, प्रदेश राजश्व बाँडफाडबाट प्राप्त अनुदान ५२ लाख ६५ हजार ९०, प्रदेश वित्तिय समानीकरण अनुदान ७३ लाख, ६४ हजार, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान ९५ लाख, प्रदेश विशेष अनुदान ३० लाख, प्रदेश समपूरक अनुदान २० लाख समेत गरी जम्मा ६२ करोड १३ लाख ५३ हजार २ सय ३५ मात्र नगरपालिकाको संचित कोषमा जम्मा हुने अनुमान गरिएको छ ।

## व्यय तर्फ

आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि  यस नगरपालिकामा उल्लेखित आयश्रोत अनुमानको आधारमा पूँजीगत खर्च तर्फ ३९ करोड ३५ लाख, ५३ हजार २ सय ३५ , चालु खर्च तर्फ २२ करोड ७८ लाख हुने गरी कुल बजेट ६२ करोड १३ लाख ५३ हजार २ सय ३५  विनियोजन गर्न यो बजेट नीति तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

यस प्रस्तावित **आगामी आर्थिक वर्ष २०८२/२०८३** को नीति तथा कार्यक्रम आम नगरवासीको अर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास र सुशासमा टेवा पुर्‍याउदै नगरको चौतर्फी विकासमाको लक्ष्यलाई हासिल गर्ने अपेक्षा एवं दृढ विश्वासका साथ निम्नानुसारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु :

**१ आर्थिक विकास क्षेत्र :**

**क. कृषि :**

- नगरपालिका भित्रको कृषि योग्य जमिनको पहिचान र संरक्षण गर्दै कृषि उत्पादनको क्षेत्रको विविधिकरण तथा विशिष्टिकरण मार्फत् नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउनको लागि आवश्यक रणनीति तय गरिनेछ ।
- अन्नदाता किसानहरुको मनोबल उच्च पार्नको लागि **"किसानके साथ मेयर कार्यक्रम"** सञ्चलनमा ल्याइने छ । जस अन्तर्गत प्रत्येक किसानलाई कृषि विद्युतीकरणको कृषि मिटर र विद्युत महसुल निशुल्क गरिने छ । साथै कृषकहरुलाई कृषि ज्ञान तथा सिपमा अभिवृद्धि गर्न कृषि तालिम तथा अवलोकन भ्रमणको व्यवस्था मिलाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- कृषि उपज संकलन तथा बजारीकरणको पूर्वाधार तयार गरिनेछ ।
- कृषि उपज संरक्षणको लागि कोल्डस्टोर को निर्माण प्रारम्भ गरिनेछ ।
- आगामि आ.व.मा किसान सूचिकरण कार्यक्रम सम्पन्न गरी कृषकहरुलाई किसान परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- बालिनालीमा प्रयोग गरिने विषादीबाट मानव स्वास्थ्यमा पर्ने असरबाट बच्ने उपाय र विषादी प्रयोग सम्बन्धी बिषादी सचेताना कार्यक्रम संचालन गरी विषादी रहित वा न्यून विषादी प्रयोगमा नगरपालिका क्षेत्रका वासिन्दाहरुमा सचेत हुने अवस्थाको सृजना गरिनेछ ।
- पशुहरुमा नश्ल सुधारको लागि कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरिने छ ।
- पशुपन्छिमा महामारी/आकस्मिक रोग नियन्त्रणको उचित व्यवस्था मिलाइने छ ।
- कृषि जैविक मल तथा उन्नत बीउ बिजन वितरणको व्यवस्था मिलाइनेछ ।
- सिंचाई प्रणाली आसपासका जग्गाहरु बाँझो राख्न नपाउने व्यवस्थालाई कार्ययोजना सहित कार्यान्वयनमा लगिनेछ भने खाली जमिनमा केरा, मकै, घाँस, फूल, नर्सरी संचालन लगायतका कृषिजन्य क्रियाकलाप संचालनका लागि प्रोत्साहित गरिनेछ ।
- कृषि, पशुपन्छी र मत्स्यक्षेत्रको प्रवर्द्धनका लागि यस नगरपालिका क्षेत्रभित्र कृषि उत्कृष्टता केन्द्र स्थापना गर्न मधेश प्रदेश सरकारको समन्वयमा पालिका स्तरबाट आवश्यक कार्य अगाडि बढाइनेछ ।

- 'व्यवसायिक रुपमा काम गर्ने सबै किसानलाई उत्पादनमा आधारित अनुदान' नीति अवलम्वन गरिनेछ । दुग्ध उत्पादक किसानहरुलाई प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- स्थानीय संचार माध्यममा स्थानीय कृषि प्रणालीमा आधारित "कृषि कार्यक्रम" संचालन गरिनेछ ।
- नगरको उपयुक्त स्थानमा बहुउपयोगी सिंचाईको लागि पक्की कुलो निर्माणलाई प्राथमिकता दिइनेछ ।
- कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सिंचाईको प्रबन्ध गर्न आवश्यकता अनुसार डिप बोरीङ्ग जडान गर्ने व्यवस्था समेत गरिने छ ।

**ख.उद्योग, व्यापार, व्यवसाय**

- विकासको मेरुदण्डको रुपमा रहेको उद्योग तथा कलकारखानाका लागि यातायात, सञ्चार, पर्याप्त जमिन लगायतका पूर्वाधारको व्यवस्था मिलाइनेछ ।
- नगरपालिकामा लघु, घरेलु र साना उद्यो तथा व्यवसाय दर्ता, अद्यावधिक तथा नवीकरणको व्यवस्था मिलाइनेछ ।
- यस नगरपालिका क्षेत्रभित्र स्थापित २० जना भन्दा बढीलाई रोजगार दिने उद्योगहरुलाई लाग्ने करमा निश्चित प्रतिशत छुटको व्यवस्था गरिनेछ ।
- हरिपूर्वा नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने युवा तथा महिलाहरुलाई उद्यमशिलता तालिम प्रदान गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग/व्यवसायहरुमा तोकिएको करमा छुट दिइने नीति अवलम्वन गरिनेछ ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण कार्यक्रम गरिने छ ।

**ग. पर्यटन तथा सस्कृति :**

- नगरपालिका क्षेत्रभित्र रहे भएका साँस्कृतिक तथा धार्मिक स्थलको संरक्षण गरी पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ ।
- धार्मिक पर्यटकहरुलाई बसोबासको लागि नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा धर्मशाला निर्माण गरिनेछ ।
- चाडपर्व, मेला र विवाह समारोहमा आउने व्यक्तिहरुको बसोबासको लागि नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा सामुदायिक भवनहरु निर्माणमा जोड दिइनेछ ।
- नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा छठघाट निर्माण कार्यलार्य निरन्तरता दिइने छ ।
- नगरस्तरीय भाषा, कला संस्कृति प्रवर्द्धनका लागि मधेश बहु साँस्कृतिक सङ्घालय निर्माण गर्ने कार्यको लागि आवश्यक पहल गरिनेछ ।
- नगर भित्रका आदिबासी, जनजाति, दलित, थारु लगायत अन्य लोपोन्मुख जातिका भाषा, धर्म र संस्कृति, ललितकलाको संरक्षणको लागि स्पष्ट नीतिको तर्जुमा गरिनुको साथै स्थानीय कला संस्कृतिलाई आर्थिक उत्पादनसँग जोड्ने कार्यक्रम तय गरिनेछ ।
- नगर क्षेत्रभित्र वैवाहिक समारोह लगायत अन्य सामाजिक कार्यकमको लागि अत्याधुनिक भवन बनाउन आवश्यक पहल गरिने छ ।

**घ. गरिबी न्यूनिकरण र सहकारी**

- गरिबी न्यूनिकरणका लागि विभिन्न शिपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- गरिबी न्यूनीकरणका लागि सहकारीको माध्यमबाट विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहकारी दर्ता, नवीकरण, नियमनको कार्यलाई प्रभावकारी बनाइनेछ ।
- सहकारीहरुलाई रोजगारीमूलक विभिन्न उद्यमहरु र व्यवसायीक कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- गरिबी निवारणका लागि उद्यमिको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम) कार्यक्रम संचालन गरिनेछ ।
- लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- रोजगार संवाद मञ्च सञ्चालन गरिनेछ ।
- आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धनका विभिन्न क्रियाकलाप सञ्चालन गरिने छ ।

## २. सामाजिक विकास क्षेत्र

### क.शिक्षा :

- गुणस्तरीय शिक्षा नगर विकासको मेरुदण्ड हो भन्ने विषयलाई मुख्य प्राथमिकता दिदैं विद्यालय शिक्षाको गुणस्तर सुदृढिकरणका लागि योजनावद्ध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरीङ तथा विद्यालय सुपरिवेक्षण कार्यलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।
- संस्थागत विद्यालयद्धारा विद्यार्थीहरुलाई प्रदान गर्नुपर्ने छात्रवृत्तिको कार्यलाई प्रभावकारी कार्यान्वयन गराईनेछ ।
- लैङ्गिकमैत्री तथा बालमैत्री सिकाई प्रणालीको उपयुक्त रणनीति तय गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययनरत विपन्न विद्यार्थीहरुलाई छात्रवृत्ति दिने व्यवस्था गरिने छ ।
- प्रति विद्यार्थी लागतको आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि प्रत्येक सामुदायिक विद्यालयलाई अनुदानको व्यवस्था गरिने छ ।
- सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार, दरबन्दी मिलान, विद्यालय अनुगमन, दिवा खाजा, विद्यार्थी भर्ना अभियान, केही विद्यालयको विस्तृत योजना तयार पार्ने, सबै विद्यालयलाई  पूर्ण सरसफाईयुक्त, एकीकृत र नतिजामा आधारित अनुगमन योजनाको निर्माण, विद्यालयका शिक्षक, कर्मचारीहरुको क्षमता अभिवृद्धि लगायतका थप प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछन ।
- यस नगरपालिका क्षेत्रभित्र रहेको रामजानकी माध्यमिक विद्यालयमा विद्यालय पूर्वाधार मापदण्ड अनुरुपको सुविधा सम्पन्न नयाँ विद्यालय भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।
- श्री केश्वर गरिव जनता माध्यिमिक विद्यालयको सुविधा सम्पन्न भवन निर्माण कार्य पनि यसै आ.व.मा सम्पन्न गरिनेछ ।
- स्थानीय पाठ्यक्रमको विकास गरिने छ ।
- सामुदायिक विद्यालयहरुमा विद्यार्थी शिक्षक अनुपात कायम गरी प्रभावकारी शिक्षण सिकाईमा टेवा पु-याउन स्वयम्सेवक शिक्षकको व्यवस्था मिलाईनेछ ।
- दलित तथा विपन्न परिवारका कक्षा ८ मा अध्ययनरत छात्राहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकाहरुको लागि बैकल्पिक शिक्षाको व्यवस्था मिलाईनेछ ।

- सामुदायिक विद्यालयमा संचालन गरिने अर्धवार्षिक तथा वर्षिक परीक्षा व्यवस्थित, मर्यादित र अनुशासित बनाइनेछ ।
- सामुदायिक विद्यालयमा आवश्यक पर्ने परिक्षा सञ्चालन खर्च नगरपालिकाबाट व्यवस्था गरिनेछ ।
- उत्कृष्ट नतिजा हासिल गर्ने सामुदायिक विद्यालय र उत्कृष्ट शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड उपलब्ध गराइनेछ ।
- शैक्षिक संस्थाहरुमा ध्यान र योग शिक्षा कार्यान्वयनका लागि प्रोत्साहन गरिनेछ ।
- कम्प्यूटर नभएका सामुदायिक विद्यालयहरुलाई कम्प्यूटर वितरण गरिनेछ ।
- फर्निचर अभाव रहेका सामुदायिक विद्यालयहरुलाई फर्निचरको व्यवस्था मिलाइनेछ ।
- विद्यालय शिक्षामा गुणस्तर कायम गर्न आवश्यक सुधार गर्ने विभिन्न क्रियाकलापहरु समेटी **"मेयर शैक्षिक सुधार कार्यक्रम"** सञ्चालन गरिने छ ।

**ख.स्वास्थ्य :**

- 'स्वस्थ नगरबासी : समृद्ध नगर' भन्ने नाराका साथ गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ ।
- **"म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य"** नाराका साथ घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- सार्वजनिक संघ संस्था, सरकारी कार्यालय, विद्यालय र सार्वजनिक स्थलहरुमा मदिरा र सुर्तिजन्य पदार्थको सेवन निषेध गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई प्रभावकारी बनाउन भौतिक पूर्वाधार सहितको कार्यक्रम संचालनमा ल्याइनेछ ।
- प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्दै मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम, प्रजनन् रुग्णता स्वास्थ्य सेवा, पोषण कार्यक्रम, परिवार नियोजन सेवा, किशोरकिशोरी स्वास्थ्य सेवा, औषधी तथा उपकरण आपूर्ति, स्वास्थ्य बीमा कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, राष्ट्रिय खोप तथा विशेष खोप, भिटामिन तथा जुकाको औषधी लगायतका राष्ट्रिय स्तरका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । साथै निजी स्वास्थ्य संस्थाहरुको नियमन गरिनेछ ।
- स्वास्थ्य चौकी र स्वास्थ्य चौकीमा  बर्थिङ्ग सेन्टर सेवा विस्तारको लागि भौतिक पूर्वाधारको निर्माण गरिनेछ ।
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई मासिक उपचार खर्च वापत रु. ५,०००। उपलब्ध गराइने छ ।
- क्षयरोग विशेष कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- अवकाश उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई नेपाल सरकारले प्रदान गर्ने रकममा केही रकम थप गरी "सुनौलो अवकाश योजना" लागू गरि कार्यान्वयनमा ल्याइनेछ भने बाँकी रहेका महिला स्वयम्सेविकाको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । साथै उत्कृष्ट कार्य गर्ने महिला स्वास्थ्य स्वयमसेविका, स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई पुरस्कृत गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्रका आम नगरबासीहरुलाई सरल र सहज स्वास्थ्य सेवाको सुनिश्चित गर्न यस हरिपूर्वा नगरपालिकामा सञ्चालित नगर अस्पतालमा आवश्यक स्वास्थ्य जाँचको उपकरणहरु र जनशक्ति थप गरी सुविधा सम्पन्न बनाइने छ ।

## ग. खानेपानी तथा सरसफाइ

- सार्वजनिक स्थलहरुमा शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ ।
- प्रदेश सरकार, संघीय सरकार र विभिन्न संघसंस्थासँग समन्वय गरी सामुदायिक विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ ।
- **“हरिपूर्वा नगर, स्वच्छ शहर”** को लक्ष्य सहित हरिपूर्वा नगरपालिका क्षेत्रमा सरसफाइका कर्यक्रमहरु सञ्चालन गरिनेछ ।
- हालको फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउँदै फोहोर व्यवस्थापनको लागि फोहोर संकलन केन्द्र, फोहोरमैला दहन र ल्याण्डफिल साइडको सम्भाव्य अध्ययन गरी सो को डि.पी.र. तयार गरिनेछ ।

## घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- महिला, बालबालिका तथा फरक क्षमता भएकाहरुसँग सम्बन्धित चेतनामूलक प्रचारप्रसार तथा सामाग्री उत्पादन, प्रकाशन, प्रशासन र वितरण गरिनेछ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- एकल महिलाको नाममा संचालित व्यवसाय र सम्पत्ती करमा छुटको व्यवस्था गराइनेछ ।
- किशोरीहरुलाई शिक्षा, सिपमूलक तालिमको व्यवस्था गर्न **“बेटी बहनके साथ मेयर कार्यक्रम”** सञ्चालन गरिनेछ ।
- पूर्ण अशक्त, अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिमैत्री भौतिक संरचना निर्माणको पहल गरिनेछ ।
- बालबालिकाको चौतर्फी विकासका लागि र प्रतिभावान बालबालिकाको पहिचान र प्रोत्साहनका लागि विविध कार्यक्रम संचालन गरिनेछ ।
- जातीय विभेद न्यूनीकरण र समतामूलक समाज निर्माणका लागि अभियानात्मक कार्यक्रम संचालन गरिनेछ ।
- नगर क्षेत्रभित्र बालबालिकाको नेतृत्व विकासको लागि बाल क्लब, बाल संजाल गठन र सञ्चालन कार्यक्रमलाई निरन्तरता दिईनेछ। आवश्यक आधुनिक “बाल उद्यान” निर्माण कार्यको थालनी गरिनेछ ।

## ङ. युवा, खेलकुद तथा कला

- नगर स्तरीय खेलकुद विकास गर्न प्रत्येक वर्ष “मेयर कप” प्रतियोगितताको आयोजना गरिनेछ ।
- आगामि आ.व. देखि लोप हुँदै गएको स्थानीय खेलकुदहरुको विकासको लागि आवश्यक कार्य गरिनेछ ।
- खेलकुद र कलाको विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

# ३. पूर्वाधार तथा शहरी विकास क्षेत्र :

## क. वस्ती विकास, आवास तथा भवन निर्माण :

- भवन निर्माण मापदण्ड २०७२ को आधारमा भवन निमांण तथा सडक मापदण्ड स्वीकृत गरी कार्यान्वयन गरिनेछ ।
- सिकर्मी र डकर्मीहरुलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्बन्धी तालीम दिई दक्ष बनाइनेछ ।
- नगर भित्रका भूमिहीन, अव्यवस्थित बसोबासी र सुकुम्बासीलाई सुरक्षित बसोबासको लागि सामूहिक आवास निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।
- सामुदायिक दलित वस्तीको लागि आवश्यक योजना बनाइनेछ ।

- हरिपूर्वा नगरलाई उज्यालो नगर बनाउन सोलार लाइट जडान कार्यलाई प्राथमिक्ताकासाथ निरन्तरता दिइनेछ ।
- नगरपालिका अन्तर्गत रहेका कार्यालयहरुको भौतिक पूर्वाधार निर्माणमा विशेष ध्यान दिइनेछ ।
- हरिपूर्वा  नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्न आवश्यक पहल गरिने छ ।

**ख. सडक, पुल तथा यातायात**

- आर्थिक वर्ष २०८२/०८३ मा नयाँ पक्की सडक निर्माणको अलावा पुराना जीर्ण सडकको मर्मत सुधारलाई विशेष महत्व दिइनेछ । पक्की सडक निर्माण कार्यमा लागत साझेदारीको अवधारणालाई निरन्तरता दिइनेछ ।
- सवारी दूर्घटना न्यूनीकरण, सडक सुरक्षा कार्ययोजना, सवारी दुर्घटना र सुरक्षित यात्रासँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरु अभियानका रुपमा सञ्चालन गरिनेछ ।
- ट्राफिक सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक वडालाई मूल सडकसँग जोड्ने गरी स्तरोन्नती गरिनेछ ।
- हरिपूर्वा  नगरपालिका रिङ्ग रोड बारे सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रस्ताव तयार गरी निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- नगरको विद्युत सेवालाई भरपर्दो र प्रभावकारी बनाउनको लागि विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत पोल र ट्रान्समिटर जडान, सडक बत्ती, सोलर/टावर लाईट आदिको व्यवस्थापन लगायतका पूर्वाधारका निर्माणको कामलाई प्राथमिकता दिईनेछ ।
- हर्सहा झोलुन्गो पुल निर्माण गरिने छ ।
- हरिपूर्वा वडा नं. ६ को पशुसेवा केन्द्र देखि धनकौल सम्मको कालोपत्र पक्कि सडक यसै आ.व.मा सम्पन्न गरिने छ ।
- बसतपुर कुम्भी पोखरी देखि डुमरिया जाने सडक कालोपत्रे गर्ने योजना यसै आ.व.बाट सञ्चालन गरिनेछ ।

**ग. सूचना, सञ्चार तथा प्रविधि**

- सूचना प्रविधिसँग सम्बन्धित तालिम, सेमिनार, लगायतका प्रवर्द्धनात्मक विषयहरुलाई सरोकारवाला निकायहरुसँग समन्वयन गरी संचालन गरिनेछ ।
- जनताको सु-सूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न सार्वजनिक सुनुवाई, जनता सँग जनप्रतिनिधि लगायतका रेडियो कार्यक्रम, सार्वजनिक परीक्षण, कार्यालयबाट सम्पादित कार्यहरुको चौमासिक प्रतिवेदन सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिनेछ ।
- हरिपूर्वा नगरको प्रत्येक वाडामा Free Wifi Zone  कार्यक्रम सञ्चालन गरिने छ ।
- नगरपालिका र नगरपालिका अन्तर्गत रहेका वडा कार्यलय तथा विषयगत शाखाहरुबाट अनलाइन सेवाप्रवाह गर्ने व्यवस्था गरिनेछ ।

**४. वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको क्षेत्र**

**क. वन तथा जैविक विविधता**

- **"हमर नगर, हरित शहर" को लक्ष्यका साथ** वातावरण संरक्षण र शहरी सौन्दर्यको प्रवर्द्धन गर्दै विभिन्न स्थानका "खुला क्षेत्र" लाई पर्यावरणीय स्थलको रुपमा विकास गरिनेछ ।
- खाली, सार्वजनिक, बाँझो, पर्ति, नदी उकास र नदी किनार लगायतका जमिनमा "वृक्षारोपण" तथा "वन विस्तार कार्यक्रम" संचालन गरिनेछ ।
- "नर्सरीको स्थापना, स्तरोउन्नती" लगायतका कामहरु संचालन गरी नगरको आवश्यकता अनुसारका विरुवाहरुको उत्पादन गरिनेछ ।

- सार्वजनिक जग्गामा र नीजि जग्गामा वन पैदावरको उत्पादन, रोजगारी सिर्जना, स्थानीय कच्चा पदार्थको आपूर्तिमा सहयोग पुर्याउर्ने गरी वृक्षारोपण तथा निजी वन लाई प्रोत्साहन गर्ने  नीति अवलम्वन गरिनेछ ।
- सरकारी तथा सार्वजनिक जग्गामा वृक्षारोपण गरी पर्यावरण विकास र संरक्षण कार्यलाई जोड दिइनेछ ।

**ख. वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन**

- "ग्रीन हरिपूर्वा, क्लिन हरिपूर्वा  भन्ने लक्ष्यका साथ सुरुवात गरिने हरियाली प्रवर्द्धन अभियानलाई प्रत्येक टोल विकास संस्था मार्फत बस्तीस्तरसम्म पुऱ्याइनेछ । हरियाली प्रवर्द्धनमा पुऱ्याएको योगदानका आधारमा टोल विकास संस्थालाई पुरस्कृत गरिनेछ ।
- गैरसरकारी संस्था, टोल विकास संस्था, आमा समूह, युवा क्लव लगायतका सामाजिक संघ संस्थाहरुलाई शहरी सुन्दरता अभिवृद्धि कार्यक्रममा सहभागी बनाइनेछ ।
- बस्ती स्तरका सडकहरुमा कालोपत्रे गर्दा हरियाली प्रवर्द्धन कार्यक्रमलाई टेवा पुर्याउने गरी वृक्षरोपण कार्यक्रमलाई समेत समावेश गरिनेछ ।

**ग..महामारी तथा विपद् व्यवस्थापन**

- विपद् व्यवस्थापन कोषमा थप रकम जम्मा गर्नको लागि सहयोगीहरुलाई आव्हान गरिनेछ भने उक्त रकमको परिचालनलाई थप व्यवस्थित गरिनेछ । विपद् व्यवस्थापन गर्न पूर्वतयारी सम्बन्धी विविध कार्यहरु संचालन गरिनेछ ।
- नगर भित्र देखिन सक्ने विपद् पूर्वतयारी, विपत व्यवस्थपन,  क्षति न्यूनीकरण लगायतका विषयहरुलाई समेटी पूर्व तयारी  रणनीति तय गरिनेछ ।
- बाढी, आगलगी, हावाहुरी तथा डुवान लगायतका विपद कार्यलाई न्यनीकरण गर्नको लागि स्पष्ट मापदण्ड, कार्यविधि, सघन समन्वय लगायत अन्य उपायहरुको अवलम्वन गरिनेछ भने नदी कटानको क्षेत्र व्यवस्थापन आवश्यक रणनीति तय गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत व्यवस्था

**क. स्थानीय नीति, ऐन तथा सुशासन**

- नगरपालिकालाई आवश्यक कानुन निर्माण गरिनेछ ।
- अतिक्रमित तथा अन्य सरकारी/सार्वजनिक जमिनको लगत संकलन तथा तारबार गर्ने कार्य गरिने छ । अतिक्रमित सार्वजनिक जग्गाको पहिचान गरी संरक्षण गरिनेछ ।

**ख. सङ्गठनात्मक विकास तथा सेवा प्रवाह**

- कर्मचारीहरुलाई कार्य सम्पादनका स्पष्ट मापन योग्य सूचक सहितको "कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली" निर्माण गरी कर्मचारीलाई प्रोत्साहित गर्न अतिरिक्त सेवा र समयको आधारमा सुविधा प्रदान गरिनेछ ।
- नगरपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ ।
- नगरपालिका वा सम्पूर्ण वडाहरुमा कम्प्यूटर प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाई तीव्रता दिई  स्वचालित बनाइने छ ।
- नगरपालिकाको संगठन संरचना अध्ययन गरी नगर सरकारको आवश्यकता अनुसारको संगठनात्मक संरचनाको निर्माण  गरिनेछ ।
- नगरपालिकामा विद्यमान जनशक्तिको लेखा परीक्षण सँगसँगै कार्यसम्पादनका स्पष्ट सूचक निर्माण गरी आगामी २ वर्षमा नगरपालिकालाई "उत्कृष्टताको केन्द्र" (Center for Excelence)  को रुपमा विकास गरिनेछ ।
- नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरुलाई क्रमशः डिजिटलाईजेशन गर्दै सेवा प्रवाहलाई सहज र पारदर्शी बनाईनेछ ।

- नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित अन्य कानूनले निर्दिष्ट गरेको व्यवस्था अनुसार स्थानीय तह र सामुदायिक संघ संस्थाहरुलाई स्थानीय सरकारप्रति उत्तरदायी बन्नुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
- विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टता साथ अगाडी बढाइनेछ ।
- आवश्यक कानून, कार्यविधि, मापदण्डको निर्माण गरिने छ ।
- न्यायिक समितिको कार्य सम्पादन प्रकृयालाई छिटो छरितो र थप व्यवस्थित गरिनेछ ।

**ग. योजना व्यवस्थापन**

- केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाबीच तादाम्यता कायम गरी नगरको सर्वाङ्गीर्ण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको “दीर्घकालिन योजना” निर्माण गरिनेछ ।
- आगामी आर्थिक वर्ष २०८२/०८३ मा विभिन्न आयोजनामा छुट्टाइएको पूँजीगत खर्चको न्यूनतम ८० प्रतिशत रकम चैत्र मसान्त भित्रै खर्च गर्ने सुनिश्चिताका लागि नगरपालिकाको आन्तरिक संयन्त्र परिचालन गरिनेछ । योजना अनुगमनको वार्षिक कार्यतालिका र सूचक निर्माण गरी परिणाम मुखी अनुगमनलाई प्राथमिकता दिइनेछ ।

**घ. विविध**

- गैरसरकारी संस्थालाई नगरपालिकाको विकास प्रक्रियामा सहयोगीको रुपमा योगदान गर्न सक्ने वातावरण निर्माण गर्ने र उनीहरुबाट पारदर्शी उत्तरदायी सेवा प्रवाह गराउन निर्देश गर्दै आवश्यक सहयोग पुऱ्याइनेछ ।
- नगरपालिकाभित्र क्रियाशील गैरसरकारी संस्थाहरुको प्रोफाईल तयार गरि गैरसरकारी संस्थाहरुको परिचालन, नियमन, अनुगमन, मूल्याङ्कन, सहजीकरणलाई प्रभावकारी बनाईनेछ ।
- आ.ब. २०८२/०८३ बाट सम्पूर्ण वडा कार्यालय मार्फत कर, पञ्जीकरण आदि सेवा अनलाईन मार्फत गरिने व्यवस्था गरिने छ ।
- नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गर्ने सेवा चुस्त दुरुस्त र सहज तुल्याइने छ ।
- संघीय कानुन तथा प्रदेश कानुनले तोकेको बाहेक नगरपालिकाबाट र वडाबाट लिइने सिफारिस शुल्क तथा दस्तुर निशुल्क गरिने छ ।

**आदरणीय सभाध्यक्षज्यू,**

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रमको समर्थन तथा प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि नगर कार्यपालिकाको कार्यालय, सरकारी निकायहरु, विभिन्न राजनीतिक दलहरु, विभिन्न संघ संगठनहरु, गैरसरकारी संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सद्भावपूर्ण सहभागिता र सहयोग हुने विश्वास व्यक्त गर्दै सम्मानित नगर सभाबाट रचनात्मक सुझाव सहित नीति तथा कार्यक्रम पारित हुनेमा विश्वस्त हुँदै यस नगर सभाको **पन्ध्रौ अधिवेशन तथा नवौं बजेट अधिवेशनमा** उपस्थित नगर सभा सदस्यहरु, सम्पूर्ण जनप्रतिनिधि, नगरवासी, राजनैतिककर्मी, पत्रकारहरु, सुरक्षाकर्मी लगायत सम्पूर्ण सरोकारवाला प्रति सकारात्मक सहयोगको अपेक्षा सहित सबैमा हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछु ।

धन्यवाद !

सम्वत २०८२ साल आषाढ ९ गते